# अनुसूची ४. दरभाउ पत्र फारमको नमूना

## सिलबन्दी दरभाउपत्रका थप शर्तहरु

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत यस तातोपानी गाउँपालिका १, नम्बर वडामा सञ्चालन हुने , बाँईराँका लिफ्ट खानेपानीतथा सरसफाइ योजनाहरुको लागि तातोपानी गाउँपालिका को स्वीकृत लागत अनुमान बमोजिमका विभिन्न निर्माण विद्युतीय तथा ईलेक्टो - मेकानिकल सम्बन्धि सामाग्रीहरु खरिद तथा जडानका लागि लागि मिति २०८३-०४-०६ मा तातोपानी गाउँपालिकाको वेभसाईट tatopanimun.gov.np, परियोजनाको वेभसाईट www.laccp.org.np मा प्रकाशित सूचना वमोजिम दरभाउ पत्र पेश गर्न योग्यता पुगेका इच्छुक दरभाउ पत्र दाताहरुलाई सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त सामग्री सप्लाई गर्दा निम्न वमोजिमका प्रावधानहरु रहेको व्यहोरा सूचित गरिन्छ ।

१. सामग्री सप्लाइ गर्दा सप्लायरले तातपानी गाउँपालिकाको वडा नम्बर १ मा पर्ने बाइराका मा रहेको उपभोक्ता समितिको गोदाम सम्म ढुवानी गर्नुपर्ने भएकोले दररेट उल्लेख गर्दा ढुवानी दर स्पष्टसँग वाहिय सामग्रीको दररेटमा जोड्नुपर्ने भएमा सामग्रीको दररेटमानै ढुवानी हुने भनि उल्लेख गर्नुपर्नेछ । उपभोक्ता समितिवाट अतिरिक्त ढुवानी भाडा भुक्तानी हुनेछैन । उपभोक्ता समितिसँग सम्झौता भएको मितिले १० दिन भित्रमा सवै सामग्री ढुवानी भैसक्नुपर्नेछ ।

२.दरभाउ पत्रमा लेख्ने स्थान उपलव्ध गराईएको वाहेक अन्य स्थानमा लेख्न वातोकिएको स्थान बाहेक अन्य स्थानमा कैफियत जनाई कुनै कुरा लेख्न पाइनेछैन।

३. सप्लाई गरिएको सामग्रीहरु संलग्न परिमाण, गुणस्तर र तौलको हुनुपर्नेछ । सामग्री ढुवानी गर्नुपूर्व प्राविधिकले सामग्रीको जाँच गर्नेछन् । यदि सामान सप्लाई भैसकेपछि समेत प्राविधिकले जाँच गर्दा स्पेसिफिकेशन तथा गुणस्तर वमोजिम नरहेको पाइएमा उक्त सामान विना कुनै अतिरिक्त शुल्क सप्लायरले फिर्ता लगी स्पेसिफिकेशन बमोजिमको सामग्री सोही स्थानमा उपलब्ध गराउनु पर्नेछ ।

४. सामान सप्लाई गर्नु भन्दा पहिले प्राविधिकवाट सामग्री जाँच भै प्रतिवेदन पेश गरेपछि मात्र उपभोक्ता समितिले सप्लायरलाई प्रमाणित सामानको भुक्तानी चेक मार्फत गर्नेछ । सामग्री खरिद वापत उपभोक्ता समितिले कुनै प्रकारको पेश्की दिने छैन ।

५. सप्लाई गरिने सवै सामानहरु नेपालमा उत्पादितको हकमा नेपाल गुणस्तर NS र भारतमा उत्पादित सामग्रीको हकमा IS चिन्ह अंकित हुनुपर्नेछ । सप्लाई गर्नुपर्ने सामग्रीहरुको स्पेशिफिकेशन यसै साथ संलग्न छ ।

६. सामग्रीकोदर अंकित गर्दा नेपालीरुपैयामा अंक र अक्षर दुवैमा विना केरमेट लेख्नुपर्नेछ।अंकमा लेखिएको दर अस्पष्टभएमा वा अंकर अक्षरमा रकम फरक भएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

७. दरभाउपत्र पेश गर्ने सप्लायरले खरिद समितिले प्रमाणित गरेको परिमाण सूची (Bill of Quantities) मा मात्र दरभाउ पेश गर्नुपर्नेछ । अन्य कागजमा भरिएको दरभाउपत्रलाई मान्यता दिइनेछैन ।

८. सामान सप्लाई गर्दा नियमानुसार लाग्ने सवै करहरु सप्लायरले नै तिर्नुपर्नेछ । रकम भुक्तानी गर्दा अग्रीम आयकर वापत १.५ प्रतिशत कर कटाई भुक्तानी गरिनेछ वा सप्लायरले सो रकम वरावर राजश्व कार्यालयमा बुझाएको रसिद पेश गर्नुपर्नेछ ।

९. उपभोक्ता समितिले उल्लेखगरेको वाहेक सप्लायरले अन्य कुनै शर्तहरु राख्न पाउने छैन ।

१०. दरभाउपत्रको साथमा फर्मको अघिल्लो आ.व. को नविकरण गरिएको दर्ता प्रमाणपत्र, भ्याट दर्ता र अद्यावधिक आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

११. छनौट भएको सप्लायरलाई उपभोक्ता समितिले निर्णय गरेको मितिले तीन दिन भित्र सो को जानकारी दिनेछ । जानकारी प्राप्त भएको सात दिन भित्र सम्झौता सम्पन्न गर्नु पर्नेछ र सम्झौता भएको तीन दिन भित्र समितिले कार्यदेश दिनेछ ।

१२. सप्लायरले सूचना प्रकाशित गर्ने उपभोक्ता समितिहरुसंग अलग अलग सम्झौता गरी सामग्री सप्लाई गर्नेछ र सामग्री सप्लाई भए वमोजिम नै सम्बन्धित समितिवाट अलग अलग भुक्तानी हुनेछ ।

१३. सम्झौता भएको मितिले ४५ दिन भित्र सम्पूर्ण सामग्रीहरु तोकिएको स्थानमा सप्लाई गर्न नसकेमा वा सप्लाई हुन नसक्ने अवस्था देखिएमा उपभोक्ता समितिले कुनै पनिक्षतिपूर्तिबिनानै सम्झौता रद्द गर्न सक्नेछ ।

१४. छनौट भएको सप्लायरले सम्झौता गर्न नमानेमा वा सम्झौता भईसकेपछि पनि तोकिएको समयमा सामग्री ढुवानी नगरी योजनाको काममा उल्लेख्य रुपमा ढिलाई भई परियोजनाको प्रगतिमा असर परेमा उपभोक्ता समितिले त्यस्तो सप्लायरलाई कालो सूचीमा राखी भविष्यमा परियोजना अन्तर्गतका कुनै पनि जिल्लागाउँपालिका/नगरपालिका योजनाहरुमा सिलबन्दी दरभाउपत्र पेश गर्न अयोग्य ठहर गर्न जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाईलाई सिफारिस गर्नेछ ।

(सूचना प्रकाशित गर्ने सवै उपभोक्ता समितिहरुको नाम र ठेगाना र छाप)

१. बाँईराँका लिफ्ट खानेपानीतथा सरसफाइ योजना, तातोपानीगाउँपालिका -१, जुम्ला ।

## अनुसूची१०. आपुर्तिकर्ताले दरभाउपत्र पेश गर्दा पेश गर्नुपर्ने स्वघोषणापत्रको नमुना-

च. नं.:___/____

पत्र संख्याः ____________ मितिः _______________

**विषयःस्वघोषणा पत्र**

[..............................नाम] खानेपानी तथा सरसफाइ / सिंचाइ / वन / कृषि उपभोक्ता समिति

[... ... ... ... गाउँपालिका / नगरपालिका], वडा नं. [__]

(जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत सन्चालित)





CamScanner

श्री खरिद समितिका अध्यक्षज्यू,

हामी [सप्लायरको नाम], यस पत्रद्वारा स्वघोषणा गर्दछौं कि, जलवायु परिवर्तन स्थानीय अनुकूलन (LACC) परियोजना अन्तर्गतः

१. हामीले यस अघिकुनै पनि उपभोक्ता समितिले प्राथमिकताक्रम अनुसार सुचित गरे बमोजिम कहिल्यै पनि पेश गरेको दरभाउपत्र र कबोल अङ्क अनुसार आपुर्ति सम्झौता गर्न वा पेश गरेको दरभाउपत्र अनुसार सामग्री तथा सेवा प्रदान गर्न अस्वीकार गरेका छैनौं।

२. हामीले यस परियोजनाअन्तर्गतका विगतका उपभोक्ता समितिसँग भएका सबै सम्झौतामा सामग्री समयमा नै आपूर्ति गरेका छौं।

३. हामीले विगतका उपभोक्ता समिति सँग गरेका कुनै पनि सम्झौतामा न्यून गुणस्तरका सामग्री आपूर्ति गरेका छैनौं।

४. हामीले विगतमा कुनै पनि उपभोक्ता समिति सँग गरेका सम्झौताको शर्त उल्लङ्घन गरेका छैनौं।

हामीले यस घोषणासँगै तलका कागजातहरू पनि पेश गरेका छौं:

- मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि
- फर्म दर्ता वा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
- अघिल्लो आ.व. कोकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- तोकिएको दस्तुर वुझाएको बैंक भौचर वा प्रमाण

हामी बुझ्छौं कि माथि उल्लेखित कुनै पनि जानकारी गलत वा धोखाधडीपूर्ण पाएमा, हामी कुनै आपत्ति वा दाबी बिना नै वोलपत्र प्रक्रियाबाट अयोग्य घोषित गरिनेछौं।

आधिकारिक व्यक्तिको हस्ताक्षरः ____________________

आधिकारिक व्यक्तिको नामः ____________________

सप्लायरको नाम र ठेगानाः ____________________

छापः ____________________